संसारका मजदुरहरु – एक होऔं !  मार्क्सवाद-लेनिनवाद-माओवाद – जिन्दावाद !

# नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) को विधान – २०८०

(२०८० साल फागुन १, २, ३ गते काठमाडौंमा सम्पन्न विधान अधिवेशनद्वारा पारित)

**नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)**

**केन्द्रीय कार्यालय**

## प्रस्तावना

सामन्तवाद र साम्राज्यवादका विरूद्ध नयाँ जनवादी क्रान्ति हुँदै समाजवाद र साम्यवादको दिशामा अघि बढ्न अप्रिल २२, १९४९ तदनुसार २००६ साल वैशाख १० गते नेपाल कम्युनिस्ट पार्टीको स्थापना भएको हो । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) नेपाली सर्वहारा श्रमजीवी वर्गको राजनीतिक प्रतिनिधि संस्था हो । यसले मजदुर, किसान, उत्पीडित जाति, भाषाभाषी, महिला, दलित एवं जनसमुदायसमेत सम्पूर्ण श्रमजीवी जनताको हितलाई प्रतिनिधित्व गर्दछ । यो जनआधारित कार्यकर्ताको पार्टी हो ।

यस पार्टीको मार्ग निर्देशक सिद्धान्त मार्क्सवाद-लेनिनवाद-माओवाद हो । पार्टीले वर्गीय समाजमा वर्गसङ्घर्षलाई परिवर्तन र समाज विकासको अनिवार्य एवं मुख्य आधार मान्दछ । पार्टीको रणनीतिक लक्ष्य समाजवादी क्रान्ति र तात्कालीन कार्यनीति सामन्तवादका अवशेषहरू र दलाल नोकरशाही पुँजीवादको अन्त्य गर्दै समाजवादको आधार तयार पार्नु हो । यसका लागि राष्ट्रिय स्वाधीनतालाई केन्द्र बिन्दुमा राख्दै विश्व साम्राज्यवाद, विस्तारवाद, नवउपनिवेशवादलगायत सबैखाले वैदेशिक हस्तक्षेप र शोषण तथा उत्पीडनका विरुद्ध संघर्षरत रहनेछ ।

१० वर्षको महान् जनयुद्ध, विभिन्न समयमा चलेका सशस्त्र आन्दोलन, ऐतिहासिक संयुक्त जनआन्दोलन एवं आदिवासी जनजाति, दलित, महिला, मधेशी, थारू, मुस्लिमलगायत सबै प्रकारका उत्पीडित वर्ग र समुदायहरूद्वारा सञ्चालित आन्दोलनहरूको परिणामस्वरूप प्राप्त भएको संघीय लोकतान्त्रिक गणतन्त्र, धर्मनिरपेक्षता, समानुपातिक समावेशीकरण समेतका उपलब्धीको रक्षा गर्दै उत्पीडित वर्ग र जनसमुदायका बाँकी रहेका अधिकारहरूको प्राप्तिका लागि पार्टी निरन्तर संघर्षरत रहनेछ ।

पार्टी सञ्चालन जनवादी केन्द्रीयताको सिद्धान्तअनुरूप हुनेछ । सामूहिक निर्णय, व्यक्तिगत उत्तरदायित्व तथा सामूहिकताको केन्द्रीकृत अभिव्यक्तिको प्रणालीलाई अबलम्वन गरिनेछ । पार्टीको २०७८ को विधानलाई समय सापेक्ष बनाउन विधानमा संशोधन र परिमार्जन गर्दै जानुपर्ने भएकाले तदअनुरूप विधान अधिवेशनबाट नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) को विधान- २०८० पारित गरिएको छ ।

## भाग - १
## प्रारम्भिक

**धारा - १. पार्टीको नाम :** नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) रहने छ । संक्षिप्तमा यसलाई ने.क.पा. (माओवादी केन्द्र) भनिनेछ । अङ्ग्रेजीमा Communist Party of Nepal (Maoist Centre) र संक्षिप्तमा CPN (MC) भनिनेछ ।

**धारा - २.** पार्टीको झण्डा, छाप र चुनाव चिह्न क्रमशः अनुसूची १, २ र ३ मा उल्लेख भएबमोजिम हुनेछ ।

**धारा - ३. कार्यालय :**पार्टीको केन्द्रीय कार्यालय काठमाडौंमा रहनेछ । प्रदेश, जिल्ला, निर्वाचन क्षेत्र, गाउँ/नगर र वडामा सोही स्तरमा कार्यालयहरू रहनेछन् ।

**धारा- ४. प्रारम्भ :** यो विधान तुरून्त प्रारम्भ हुनेछ ।

## भाग - २
## परिभाषा

**धारा - ५. परिभाषा**

१. **'पार्टी'** भन्नाले नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) लाई सम्झनुपर्दछ ।

२. **'विधान'** भन्नाले नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) को विधानलाई सम्झनुपर्दछ ।

३. **'केन्द्रीय समिति'** भन्नाले नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) को केन्द्रीय समितिलाई सम्झनुपर्दछ।

४. **'पदाधिकारी'** भन्नाले यस विधान बमोजिम पदाधिकारी भनी तोकिएको पदहरूलाई सम्झनुपर्दछ ।

५. **'सदस्य'** भन्नाले यस विधान बमोजिमको सदस्य र संगठित सदस्यलाई सम्झनुपर्दछ ।

६. **'आयोग'** भन्नाले यस विधान बमोजिम तोकिएका आयोगहरूलाई सम्झनुपर्दछ ।

७. **'प्रदेश समिति'** भन्नाले प्रदेश स्तरका पार्टी समितिहरूलाई सम्झनुपर्दछ ।

८. **'स्थानीय समिति'** भन्नाले जिल्ला समन्वय समिति, निर्वाचन क्षेत्र समन्वय समिति, नगर/गाउँपालिका समिति, वडा समिति र टोल समितिहरूलाई सम्झनुपर्दछ ।

९. **'विशेष समिति'** भन्नाले विधानअनुसार गठन हुने गैरभौगोलिक विशेष प्रदेश, पेशा व्यवसायको आधारमा विभिन्न स्तरमा निर्माण भएका महाशाखा, शाखा, उपशाखा र प्रशाखा लगायतका पार्टी समितिहरूलाई सम्झनुपर्दछ ।

१०. **'सेल'** भन्नाले पार्टीको प्रारम्भिक इकाइलाई सम्झनुपर्दछ ।

११. **'विभाग'** भन्नाले सम्बन्धित तहका पार्टी समितिहरूको विषयगत आधारमा नीतिगत सुझाव र सिफारिसका लागि गठित विभागलाई सम्झनुपर्दछ ।

१२. '**जन वर्गीय संगठन/मोर्चा**' भन्नाले पार्टीको वैचारिक नेतृत्वमा गठित जनवर्ग, पेशा-व्यवसाय, जातीय-क्षेत्रीय मोर्चाहरूलाई सम्झनुपर्दछ ।

१३. **'तोकिएको' वा 'तोकिए बमोजिम'** भन्नाले यस विधान अन्तरगत बनेको नियमावलीमा तोकिए बमोजिम सम्झनु पर्दछ ।

## भाग-३
## संगठनात्मक सिद्धान्त र पद्धति

**धारा - ६. पार्टीको संगठनात्मक सिद्धान्त र पद्धति देहाय बमोजिम हुनेछ** :

१. जनवादी केन्द्रीयता पार्टीको संगठनात्मक सिद्धान्त हुनेछ । जनवादको जगमा वैचारिक केन्द्रीयता र वैचारिक केन्द्रिकरणको आधारमा पार्टीको संगठनात्मक संरचना निर्माण गरी कार्यान्वयन र सञ्चालन गर्ने प्रणालीलाई जनवादी केन्द्रीयता मानिन्छ ।

२. पार्टीको संगठनात्मक जीवनमा सदस्य समितिको मातहत, अल्पमत बहुमतको मातहत, तल्लो समिति माथिल्लो समितिको मातहत, सबै सदस्य तथा समितिहरू केन्द्रीय समितिको मातहत, केन्द्रीय समिति राष्ट्रिय महाधिवेशनको मातहत हुनेछन् ।

३. पार्टीको सार्वभौम अधिकार पार्टीका संगठित सदस्यहरुमा निहित रहनेछ ।

४. पार्टीको आधारभूत सिद्धान्त विचारको स्वतन्त्रता र काम कारवाही एकरूपतामा आधारित हुनेछ । पार्टीभित्र देखापर्ने वैचारिक र नीतिगत विषयहरूमा आधारित अन्तरसङ्घर्ष एवं दुईलाइन सङ्घर्षलाई व्यापक अन्तरजनवादको अभ्यासका आधारमा अधिवेशन वा राष्ट्रिय महाधिवेशनबाट निरूपण गरिनेछ ।

५. राष्ट्रिय महाधिवेशन पूर्व कुनै पनि वैचारिक र नीतिगत विषयहरूमा पार्टीले आवश्यक ठानेमा जनस्तरसम्म छलफल र अन्तरक्रिया गरी सुझावहरू संकलन गर्न सक्नेछ ।

६. पार्टी समितिहरू जनताप्रति उत्तरदायी हुनेछन् । जनसमुदायलाई वैज्ञानिक दृष्टि र प्राविधिक चेतले सुसज्जित गर्नु : राजनैतिक संघर्ष, उत्पादनको लागि संघर्ष र समाजवादको आन्दोलनमा सहभागि गराउनु र सामुहिक हितलाई प्रवर्धन गर्नु पार्टीको आधारभूत जिम्मेवारी हो । पार्टी समितिहरूले आवश्यकताअनुसार जनसरोकारका विषयहरूमा सार्वजनिक सुनुवाई गरी जनताप्रतिको उत्तरदायित्व

बहन गर्नेछन् । सार्वजनिक सरोकारको विषयको जिम्मेवारी लिएका कुनै पनि सदस्यले जिम्मेवारी पूरा नगरेमा सम्बन्धित निकायबाट फिर्ता बोलाउन सकिने विधिलाई अवलम्बन गरिनेछ ।

७. हरेक तहका पार्टी समितिहरू आ-आफ्नो तहमा स्वाचालित हुनेछन् । हरेक पार्टी समितिमा सदस्यहरूबीच विचार, नीति, कार्यक्रम, योजना र कार्यशैली आदि विषयमा रहेका कमिकमजोरीहरूबारे आलोचना र आत्मआलोचनाको विधिलाई अवलम्बन गरी पार्टीलाई शुद्धिकरण गर्दै सुदृढीकरणको प्रक्रिया निरन्तर जारी राखिनेछ । पार्टी सदस्यहरुको वैचारिक विकासको लागि निरन्तर पार्टी स्कूल सञ्चालन गरिनेछ ।

८. कुनै पनि तहको पार्टी समिति गठन गर्दा श्रमजीवी वर्ग, उत्पीडित जाति, क्षेत्र, लिङ्ग र पिछडिएको समुदाय आदि सामाजिक बनोटको आधारमा समानुपातिक समावेशीको सिद्धान्तलाई अवलम्बन गरिनेछ ।

९. पार्टीका सदस्यहरूको बीचमा संगठनात्मक कार्यविभाजन गर्दा सामान्यतः एक व्यक्ति एक पदको मान्यतालाई अवलम्वन गरिनेछ । संगठन, आर्थिक उत्पादन र राज्यका संरचनाहरू गरी मुख्यतः तीन कार्यक्षेत्र बीचमा कार्यविभाजन गर्दा आलोपालोको मान्यतालाई अवलम्वन गरिनेछ । प्रत्यक्ष निर्वाचन बाहेकका राज्यका संरचनाहरूमा कार्यविभाजन गर्दा एक व्यक्तिलाई दुई कार्यकालभन्दा बढी दोहोऱ्याइने छैन ।

१०.पार्टी सञ्चालनमा नेपालको संविधानले राजनीतिक दल सम्बन्धमा अङ्गिकार गरेका व्यवस्था र विधिलाई अबलम्वन गरिनेछ ।

## भाग - ४
## सदस्यता

### धारा - ७. पार्टी सदस्य

१. पार्टीको नीति र विचारलाई समर्थन गर्ने, पार्टीलाई मतदान गर्ने, पार्टी कार्यक्रममा सहभागी हुने र पार्टीलाई सहयोग गर्ने १८ वर्ष उमेर पुगेका नेपाली नागरिकले पार्टीको सदस्यता प्राप्त गर्न सक्नेछ ।

२. पार्टी सदस्यता प्राप्त गर्नका लागि अनुसूची बमोजिमको निवेदन गर्नुपर्नेछ ।

३. पार्टी सदस्यताका लागि टोल/प्रशाखा वा सेलको सिफारिसमा वडा/उपशाखा समितिले सदस्यता प्रदान गर्नेछ ।

४. टोल वा सेल गठन नभइसकेको अवस्थामा उक्त स्थानको पार्टीको कुनै एक जना संगठित सदस्यको सिफारिसका आधारमा वडा/उपशाखाले सदस्यता प्रदान गर्न सक्नेछ ।

५. पार्टी सदस्यहरुले पार्टी स्कूलहरूमा सहभागिता, पार्टीद्वारा सञ्चालित आन्दोलन र कार्यक्रमहरूमा सहभागी रहनेछन् ।

६. पार्टी सदस्यहरूको अभिलेख नगर/गाउँ/शाखा समितिले राख्नेछ । सदस्यहरुको अद्यावधिक प्रत्येक २ वर्षमा गरिनेछ ।

### धारा- ८. संगठित सदस्य

**१. संगठित सदस्यको योग्यता देहायबमोजिम हुनेछ :**

(क) १८ वर्ष उमेर पूरा भएको नेपाली नागरिक,

(ख) नैतिकवान र स्वच्छ चरित्र भएको,

(ग) पार्टीबाट सञ्चालित आन्दोलन र कार्यक्रमहरूमा सहभागी भएको,

(घ) पार्टीको सिद्धान्त, कार्यक्रम, नीति र विधान मान्न तत्पर रहेको,

(ङ) जनवर्गीय संगठन, पेशागत संगठन, सम्पर्क मञ्च आदिमा संगठित भई काम गरेको,

(च) कुनै पनि समितिमा संगठित भई काम गर्न र नियमितरूपमा लेवी बुझाउन तयार भएको,

(छ) प्रारम्भिक तहको पार्टी स्कूल पूरा गरेको ।

**२. संगठित सदस्यता प्राप्त गर्ने प्रक्रिया देहायबमोजिम हुनेछ :**

(क) संगठित सदस्य हुन योग्यता पुगेको व्यक्तिले टोल/प्रशाखाको सिफारिससहित वडा/उपशाखा समितिमा तोकिएको अनुसूची बमोजिमको आवेदन दिने ।

(ख) वडा वा उपशाखा समितिले योग्यता पुगेको भए संगठित सदस्यता प्रदान गर्न सिफारिस सहित उक्त आवेदन नगर/गाउँ/शाखा समितिमा पेश गर्ने र अभिलेख राख्ने,

(ग) नगर/गाउँ/शाखा समितिले आवश्यक छानविन गरी योग्यता पुगेको आवेदकलाई तोकिए बमोजिमको शुल्क लिएर संगठित सदस्यता प्रदान गर्न समितिले निर्णय गर्ने र अनुमोदनका लागि प्रदेश समितिमा पेश गर्ने,

(घ) प्रदेश समितिले योग्यता र प्रक्रिया पुगेको भए अनुमोदन गरी संगठित सदस्यता नम्बर प्रदान गरी अभिलेख राख्ने,

(ङ) विभिन्न कम्युनिस्ट घटक वा समूहबाट समूहगत वा व्यक्तिगत रूपमा पार्टी प्रवेश गरेका व्यक्तिहरुलाई स्थानीय समितिहरुको सिफारिसमा प्रदेश समितिले संगठित सदस्यता प्रदान गर्न सक्नेछ ।

(च) पार्टी केन्द्रसँग एकता भएका घटकहरुको सम्बन्धमा पार्टी केन्द्रीय समितिले निर्णय गरे बमोजिम हुनेछ ।

(छ) अन्य कम्युनिस्ट घटकसँग पार्टी एकता, समायोजन वा पार्टी प्रवेश भएको अवस्थामा सम्बन्धित पूर्व पार्टीको सदस्यता प्राप्त गरेको मितिलाई नै पार्टी सदस्यता भएको आधार मानिनेछ ।

(ज) विशिष्ट र सम्मानीत व्यक्तित्वहरूको सन्दर्भमा पार्टी केन्द्रीय समितिले मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ ।

(झ) संगठित सदस्यताको सम्बन्धमा विवाद उत्पन्न भएमा प्रदेश समितिले छानविन गरी निर्णय गर्नेछ ।

**३. संगठित सदस्यका अधिकार र दायित्व देहाय बमोजिम हुनेछन् :**

(क) पार्टीको कुनै पनि समितिमा संगठित रूपमा काम गर्ने,

(ख) तोकिएको सदस्यता शुल्क एवं लेबी नियमित रूपमा सम्बन्धित समितिमा बुझाउने ,

(ग) पार्टीको बैठक, अधिवेशन र महाधिवेशनमा चुन्ने, चुनिने, नीति निर्माणमा सहभागी हुने, मतदान गर्ने र सम्बन्धित समितिमा आफ्नो मत जाहेर गर्ने,

(घ) पार्टीबाट सदस्यका निम्ति जारी गरिएका निर्देशन, निर्णय र दस्तावेजहरू प्राप्त गर्ने, अध्ययन गर्ने र तिनको पालना एवं कार्यान्वयन गर्ने,

(ङ) पार्टीको सिद्धान्त, कार्यक्रम र नीतिको दृढतापूर्वक अनुशरण गर्दै आफ्नो जिम्मेवारी पूरा गर्ने,

(च) पार्टीद्वारा आयोजित कार्यक्रम, आर्थिक उपार्जनका कार्यक्रम, विकास निर्माणलगायत जनसरोकारका क्रियाकलापमा सहभागी रहने,

(छ) श्रमको उच्च सम्मान गर्दै श्रममूलक क्रियाकलापमा निरन्तर सहभागी रहने,

(ज) रूढीवाद, अन्धविश्वास, सामाजिक विकृति, उत्पीडन र जातीय विभेदका विरूद्ध जनचेतना फैलाउने र सङ्घर्ष गर्ने,

(झ) सर्वहारा श्रमजीवी वर्गको हकहितको पक्षमा निरन्तर संघर्षरत रहने,

(ञ) पार्टी अनुशासन पालना गर्दै पार्टीको एकता, गोपनीयता, हित र प्रतिष्ठालाई संरक्षण र सम्वर्धन गर्न क्रियाशील रहने ।

**धारा - ९. संगठित सदस्यता समाप्ति**

**१.** देहायको अवस्थामा पार्टीको संगठित सदस्यता समाप्त हुनेछ :

(क) सदस्यता परित्याग गरी राजीनामा गरेमा,

(ख) समितिको अनुमतिविना लगातार एक वर्षभन्दा बढी पार्टी काममा संलग्न नरहेमा,

(ग) पार्टीले अनुशासनको कारवाही गरी सदस्यबाट निष्काशन गरेमा,

(घ) तोकिएको समयमा सदस्यता नवीकरण नगरेमा,

**धारा - १०. संगठित सदस्यता पुनः प्राप्ति :** संगठित सदस्यता गुमाएको व्यक्तिले आत्मालोचनासहित सदस्यता पुनः प्राप्तिको निम्ति निवेदन दिएमा वा सम्बन्धित समितिले उचित ठानेमा पुनः संगठित सदस्यता प्रदान गर्न सक्नेछ ।

**धारा - ११. संगठित सदस्यता कायम रहने :** शारीरिक अवस्था कमजोर भएका वा पार्टीको विशेष काममा रहेका वा झुट्टा मुद्दामा जेल परेका संगठित सदस्यहरू पार्टीप्रति निष्ठावान रहदाँसम्म निजको पार्टी संगठित सदस्यता कायम रहनेछ ।

**धारा - १२. संगठित सदस्यताको अभिलेख र नवीकरण**

१. संगठित सदस्यको वैयक्तिक विवरण सहितको सङ्ख्यात्मक अभिलेख केन्द्रीय कार्यालयले राख्नेछ ।

२. सबै तहका समितिहरूमा आ-आफ्नो कार्यक्षेत्रभित्रका संगठित सदस्यको व्यक्तिगत विवरणसहितको अभिलेख रहनेछ ।

३. पार्टी एकता वा प्रवेश भएको अवस्थामा छ महिनाभित्र संगठित सदस्यको अभिलेख एकीकृत गरी संगठित सदस्यता नम्बर निर्धारण गरिनेछ ।

४. पार्टीले तोकेबमोजिम प्रत्येक वर्ष संगठित सदस्यता नवीकरण गर्नुपर्नेछ ।

५. सदस्य, संगठित सदस्य र मानार्थ सदस्यलाई अनुसूचि बमोजिमको सदस्यता पत्र प्रदान गरिनेछ ।

## भाग - ५
## केन्द्रीय निकाय

**धारा - १३. केन्द्रीय निकायहरू**

१. पार्टीका केन्द्रीय निकायहरू देहाय बमोजिम हुनेछन् :

(क) राष्ट्रिय महाधिवेशन,

(ख) केन्द्रीय समिति,

(ग) राष्ट्रिय परिषद्,

(घ) केन्द्रीय अनुशासन आयोग,

(ङ) केन्द्रीय लेखापरीक्षण आयोग,

(च) केन्द्रीय निर्वाचन आयोग,

(छ) केन्द्रीय सल्लाहकार समिति,

(ज) जेष्ठ कम्युनिस्ट मञ्च

**धारा - १४. राष्ट्रिय महाधिवेशन**

१. राष्ट्रिय महाधिवेशन पार्टीको सर्वोच्च निकाय हुनेछ ।

२. राष्ट्रिय महाधिवेशन प्रत्येक ५ वर्षमा सम्पन्न गरिनेछ ।

३. उपदफा २ मा जुनसुकै कुरा लेखिएको भएता पनि विशेष परिस्थितिमा केन्द्रीय समितिले यसको आधार र कारणसहित बढीमा ६ महिनासम्म राष्ट्रिय महाधिवेशनको समय सार्न सक्नेछ ।

४. महाधिवेशनको स्थान, मिति र प्रतिनिधित्व केन्द्रीय समितिले तोकेबमोजिम हुनेछ ।

५. राष्ट्रिय महाधिवेशनले राजनीतिक प्रतिवेदन, संगठनात्मक प्रतिवेदन र आवश्यक अन्य प्रस्तावहरू पारित गर्नेछ ।

६. केन्द्रीय समिति र आयोगहरूको गठन विधान बमोजिम राष्ट्रिय महाधिवेशनले गर्नेछ ।

७. राष्ट्रिय महाधिवेशनको अभिन्न अङ्गको रूपमा विधान निर्माण र संसोधनका लागि प्रत्येक ५ वर्षमा विधान अधिवेशन गरिनेछ ।

८. विधान अधिवेशनको लागि प्रतिनिधिको छनौट र अधिवेशन सञ्चालन कार्यविधि पार्टी केन्द्रीय समितिले तय गरेबमोजिम हुनेछ ।

९. पार्टी एकीकरण गरिएको सन्दर्भमा पार्टी केन्द्रीय समितिले निर्णय गरेबमोजिमको एकता अधिवेशन हुनेछ

**धारा - १५. केन्द्रीय समिति**

**१.** केन्द्रीय समिति दुई राष्ट्रिय महाधिवेशन बीचको पार्टीको सर्वोच्च अंग हुनेछ ।

**२.** केन्द्रीय समिति राष्ट्रिय महाधिवशनप्रति उत्तरदायी हुनेछ ।

**३.** राष्ट्रिय महाधिवशनबाट नयाँ केन्द्रीय समिति निर्वाचित भएपछि पूरानो केन्द्रीय समिति स्वतः विघटन हुनेछ ।

**४. केन्द्रीय समितिको संरचना :**

(क) केन्द्रीय समिति बढीमा १९९ सदस्यीय हुनेछ ।

(ख) केन्द्रीय समितिले अध्यक्ष, वरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष-३, महासचिव, उपमहासचिव-२, सचिव-२ र कोषाध्यक्षसहित ११ जना पदाधिकारी चयन गर्नेछ ।

(ग) केन्द्रीय समितिको बढीमा एकतिहाइ पोलिटव्यूरो सदस्य रहनेछन् ।

(घ) पोलिटव्यूरोको बढीमा एकतिहाइ स्थायी समिति रहनेछ ।

(ङ) दैनिक कार्य सञ्चालनका लागि अध्यक्षको नेतृत्वमा पदाधिकारीहरू सदस्य रहेको एक केन्द्रीय कार्यालय रहनेछ ।

**५. केन्द्रीय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्:**

(क) मुलुकको राष्ट्रिय राजनीतिक परिस्थितिअनुसार रणनीति र कार्यनीति तर्जुमा गरी सञ्चालन गर्ने,

(ख) समाजवादको आधार तयार पार्दै साम्यवादको लक्ष्य हासिल गर्न पार्टीलाई कम्युन प्रणालीको दिशामा निरन्तर अभिप्रेरित गर्ने,

(ग) केन्द्रीय पदाधिकारी, स्थायी समिति, पोलिटब्यूरोको निर्वाचन गर्ने र सल्लाहकार समिति, जेष्ठ कम्युनिस्ट मञ्च, राष्ट्रिय परिषद् र केन्द्रीय विभागहरूको गठन गर्ने, प्रदेश इञ्चार्ज तोक्ने, मोर्चाहरू हेर्ने जिम्मेवारीको विभाजन तथा केन्द्रीय सदस्यहरूको कार्यविभाजन गर्ने,

(घ) पार्टीको प्रकाशन, स्कूल सञ्चालन, गोष्ठी, भेला, अन्तरक्रिया लगायतका वैचारिक कार्यहरू गर्ने,

(ङ) पार्टीको सांगठनिक कार्यहरू सञ्चालन गर्ने,

(च) पार्टी संगठनहरूको अनुगमन, निरीक्षण र मुल्याङ्कन गर्ने,

(छ) पार्टीलाई अनुशासित बनाउने र अनुशासन आयोगको सिफारिसमा केन्द्रीय निकायका पदाधिकारी र सदस्यहरू उपर अनुशासनको कारवाही गर्ने,

(ज) श्रम सहकारी र आर्थिक उत्पादनका कार्यक्रम र योजनाहरू बनाई कार्यान्वयन गर्ने,

(झ) पार्टीको आर्थिक कोष निर्माण गरी सञ्चालन गर्ने,

(ञ) अन्तर्राष्ट्रिय क्षेत्रमा पार्टीको भाइचारा र मैत्रीपूर्ण सम्बन्ध स्थापना र बिस्तार गर्ने,

(ट) आवधिक रूपमा राष्ट्रिय परिषद्को बैठक आयोजना गर्ने,

(ठ) संविधान र कानूनले केन्द्रीय समितिले गर्ने भनी तोकिएका कार्यहरू गर्ने,

(ड) यस विधानमा उल्लेख नभएका विषय र विशिष्ट परिस्थिति पैदा भएमा त्यस सम्बन्धमा आवश्यक निर्णय गर्ने ।

६. **पोलिट्ब्यूरोको काम, कर्तव्य र अधिकार :** केन्द्रीय समितिप्रति उत्तरदायी हुने गरी राजनीतिक तथा सङ्गठनात्मक निर्णयहरू गरी कार्यान्वयन गर्ने ।

७. **स्थायी समितिको काम, कर्तव्य र अधिकार :** केन्द्रीय समिति र पोलिटब्यूरोप्रति उत्तरदायी हुने गरी तत्कालका राजनीतिक तथा सङ्गठनात्मक निर्णयहरू गरी कार्यान्वयन गर्ने ।

८. **केन्द्रीय कार्यालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् :**

(क) केन्द्रीय कार्यालयको ब्यवस्थापन र सञ्चालन गर्ने,

(ख) केन्द्रीय समिति, पोलिट्ब्यूरो र स्थायी समितिको बैठकहरूमा कार्यसूची तयार गर्ने, कार्ययोजना तथा कार्यक्रम तयार गर्ने र कार्यान्वयन गर्ने,

(ग) समसामयिक विषयमा पार्टीको धारणा सार्वजनिक गर्ने,

(घ) पार्टीको काम कारवाहीलाई डिजिटलाइजेसन गर्ने,

(ङ) केन्द्रीय समिति, पोलिट्ब्युरो र स्थायी समितिले तोकेका कार्यहरू गर्ने ।

९. **केन्द्रीय अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् :**

(क) पार्टीको प्रमुख नेताको हैसियतले समग्र पार्टीको नेतृत्व गर्ने,

(ख) केन्द्रीय समिति, पोलिट्ब्यूरो, स्थायी समिति, केन्द्रीय कार्यालय र राष्ट्रिय परिषद् बैठकको अध्यक्षता गर्ने,

(ग) बैठकहरूमा राजनीतिक प्रतिवेदन प्रस्तुत गर्ने,

(घ) बैठकका निर्णयहरूको कार्यान्वयन गर्ने र गराउने,

(ङ) राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका कार्यहरूमा पार्टीको प्रतिनिधित्व गर्ने र गराउने,

(च) पार्टीका बैठकहरू आह्वान गर्ने, कार्यालयका दैनिक कार्यहरू सञ्चालन गर्नका लागि महासचिवलाई र कार्यालयको कोषको व्यवस्थापन गर्न कोषाध्यक्षलाई आवश्यक निर्देशन दिने,

(छ) अध्यक्षले गर्नुपर्ने अन्य कार्यहरू गर्ने ।

१०. **वरिष्ठ उपाध्यक्ष र उपाध्यक्षहरूको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् :**

(क) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सम्पूर्ण कार्यहरू वरिष्ठ उपाध्यक्षले गर्ने,

(ख) वरिष्ठ उपाध्यक्षको अनुपस्थितिमा वरिष्ठ उपाध्यक्षले गर्ने कार्यहरू वरिष्ठ उपाध्यक्षले तोकेको उपाध्यक्षले गर्ने,

(ग) अध्यक्षले प्रत्यायोजन गरेका अन्य कार्यहरू गर्ने,

(घ) अध्यक्षको कार्यहरूमा सहयोग गर्ने र आवश्यक परामर्श दिने,

(ङ) केन्द्रीय समितिले कार्यविभाजन गरेका अन्य कार्यहरू गर्ने ।

**११. महासचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् :**

(क) अध्यक्षको निर्देशनमा केन्द्रीय समिति, पोलिट्ब्यूरो, स्थायी समिति र केन्द्रीय कार्यालयको बैठकहरू बोलाउने र बैठकहरूको कार्यसूची तयार गर्ने,

(ख) बैठकमा सङ्गठनात्मक काम कारवाहीहरूको प्रगति प्रतिवेदन प्रस्तुत गर्ने,

(ग) बैठकका निर्णयहरूको परिपत्र जारी गर्ने,

(घ) केन्द्रीय कार्यालयको व्यवस्थापन तथा दैनिक प्रशासनिक कार्यहरूको सञ्चालन गर्ने,

(ङ) महासचिवले गर्नुपर्ने अन्य कार्यहरू गर्ने ।

**१२. उपमहासचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् :**

(क) महासचिवको अनुपस्थितिमा निजले गर्ने सम्पूर्ण कार्यहरू महासचिवले तोकेको उपमहासचिवले गर्ने,

(ख) महासचिवले प्रत्यायोजन गरेका अन्य कार्यहरू गर्ने,

(ग) महासचिवको कार्यमा सहयोग गर्ने र आवश्यक परामर्श दिने,

(घ) केन्द्रीय समितिले कार्यविभाजन गरेका अन्य कार्यहरु गर्ने ।

**१३. सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् :**

(क) उपमहासचिवको अनुपस्थितिमा निजले गर्ने सम्पूर्ण कार्यहरू उपमहासचिवले तोकेको सचिवले गर्ने,

(ख) उपमहासचिवले प्रत्यायोजन गरेका अन्य कार्यहरू गर्ने,

(ग) महासचिव र उपमहासचिवको कार्यमा सहयोग गर्ने र आवश्यक परामर्श दिने,

(घ) केन्द्रीय समितिले कार्यविभाजन गरेका अन्य कार्यहरु गर्ने ।

**१४. कोषाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् :**

(क) कोषको संकलन, संरक्षण, आयव्ययको विवरण, लेखा व्यवस्थापन, कोषको सञ्चालन र खर्चको व्यवस्थापन गर्ने,

(ख) पार्टीको सम्पत्तिको अभिलेख राखी त्यसको संरक्षण, मर्मत र परिचालनको व्यवस्था गर्ने ।

(ग) पार्टीका बैठकहरूमा आर्थिक प्रतिवेदन प्रस्तुत गर्ने,

(घ) आर्थिक अनुशासन र पारदर्शिता कायम राख्ने,

(ङ) श्रम तथा उत्पादनमूलक आर्थिक कार्यक्रमहरू तर्जुमा गर्ने,

(च) लेबी, कोटा नियमित र व्यवस्थित गर्ने,

(छ) लेखा परीक्षण आयोगका सिफारिसहरू कार्यान्वयन गर्ने,

(ज) कोषाध्यक्षले गर्नुपर्ने अन्य कार्यहरू गर्ने ।

**१५. प्रवक्ताका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् :**

(क) पार्टीको अधिवेशन तथा बैठकहरूले गरेका निर्णयहरू सार्वजनिक गर्ने,

(ख) पार्टीका आधिकारिक नीति, निर्णय एवं पार्टीका दैनिक गतिविधिबारे सार्वजनिक गर्ने,

(ग) पार्टीको प्रचारप्रसारका संयन्त्रहरूको परिचालन र सञ्चालन गर्ने ।

**धारा - १६. राष्ट्रिय परिषद्**

१. पार्टीको महाधिवेशनप्रति जवाफदेही हुनेगरी पार्टीको विचार, नीति, कार्यदिशा लगायत संगठनात्मक संरचनाहरूमा आवश्यक निर्णय तथा निर्देशन गर्नका लागि प्रत्येक वर्ष राष्ट्रिय परिषद्को बैठकको आयोजना गरिनेछ ।

२. राष्ट्रिय परिषद्ले गरेका निर्णयहरू केन्द्रीय समिति र आयोगहरूले कार्यान्वयन गर्नेछन् ।

३. राष्ट्रिय परिषद्को अध्यक्षता पार्टी अध्यक्षले गर्नेछ ।

४. राष्ट्रिय परिषद्मा पार्टीका केन्द्रीय सदस्यहरू, आयोगका सदस्यहरू, सल्लाहकार सदस्यहरु र जेष्ठ कम्युनिस्ट मञ्चका सदस्यहरू, विभागका सचिवहरू, ज.व.स./मोर्चाका प्रमुखहरू, प्रदेश समितिका पदाधिकारीहरू, जिल्ला संयोजकहरू पदेन सदस्य रहनेछन् ।

५. परिषद्मा २० प्रतिशत सदस्यहरू केन्द्रीय समितिले मनोनित गर्नेछ ।

६. प्रदेश र नगर/गाउँ समितिले आ-आफ्नो तहमा परिषद् गठन गरी सञ्चालन गर्न सक्नेछन् । गठन विधि र प्रक्रिया सोही स्तरका समितिले निर्णय गरे बमोजिम हुनेछ ।

**धारा - १७. अनुशासन आयोग**

१. पार्टी केन्द्र र पार्टीका केन्द्रीय तहसँग सम्बन्धित अन्य संरचनाहरूलाई अनुशासित बनाउनका लागि पार्टी अनुशासन उल्लंघन सम्बन्धी अध्ययन, छानबिन र अनुशासनको कारवाहीको लागि सिफारिस गर्न पार्टी महाधिवेशनले अध्यक्षसहित बढीमा १५ सदस्यसम्म रहने गरी अनुशासन आयोगको गठन गर्नेछ ।

२. दैनिक कार्य सञ्चालनका लागि आयोगले आफूमध्येका सदस्यहरूबाट सचिव तोक्नेछ ।

३. अनुशासन आयोग सञ्चालनको कार्यविधि आयोग स्वयंले तर्जुमा गरी लागू गर्नेछ ।

४. अनुशासन आयोगले अनुशासन उल्लङ्घन सम्बन्धि परेको उजुरीहरूमाथि छानविन गर्ने, आवश्यकता अनुसार स्पष्टिकरण माग गर्ने तथा आफ्नो राय र सिफारिससहित कारवाहीको लागि केन्द्रीय समितिमा पठाउने छ । केन्द्रीय समितिले गरेको कारवाही चित्त नबुझेमा सम्बन्धित व्यक्तिले राष्ट्रिय परिषद्मा पुनरावेदन गर्न सक्नेछ ।

५. प्रदेश र गाउँ/नगर समितिले पनि आ-आफ्नो तहको पार्टी अनुशासनलाई व्यवस्थित गर्नका लागि ५ देखि ७ जनासम्म सदस्य रहेको अनुशासन समिति गठन गर्नेछ ।

६. प्रदेश अनुशासन समितिले प्रदेश समिति, प्रदेश स्तरका पार्टीका अन्य निकायहरू, जिल्ला समन्वय समिति, निर्वाचन क्षेत्र समन्वय समितिसँग सम्बन्धित उजुरीहरू हेर्नेछ । स्थानीय अनुसाशन समितिले पालिकास्तरका पार्टीका निकायहरू, वडास्तरका निकायहरू, टोल र सेल लगायत उक्त पालिका अन्तर्गतका सम्पूर्ण संगठित सदस्यहरूबाट प्राप्त उजुरी हेर्नेछ ।

७. उक्त अनुसाशन समितिहरूले सम्बन्धित तहका सदस्यहरूको अनुशासन उल्लङ्घन सम्बन्धि उजुरीहरु उपर छानविन गरी आवश्यकता अनुसार स्पष्टिकरण लिई सम्बन्धित तहको कार्यसमितिमा कारवाहीको लागि सिफारिस गर्ने छ ।

**धारा - १८. लेखा परीक्षण आयोग**

१. पार्टी केन्द्रीय समितिको लेखा प्रणालीलाई व्यवस्थित गर्नका लागि पार्टी महाधिवेशनले अध्यक्षसहित बढीमा १५ जनासम्म सदस्य रहने गरी केन्द्रीय लेखा परीक्षण आयोग गठन गरी सञ्चालन गर्नेछ ।

२. दैनिक कार्य सञ्चालनका लागि आयोगले आफूमध्येका सदस्यहरूबाट सचिव तोक्नेछ ।

३. लेखा परीक्षण सम्बन्धी कार्यविधि आयोग स्वयमले तर्जुमा गरी कार्यान्वयन गर्नेछ ।

४. प्रदेश र गाउँ/नगर समितिले आ-आफ्नो तहको लेखा प्रणालीलाई व्यवस्थित गर्नका लागि आ-आफ्नो तहमा ५ देखि ७ सदस्यसम्मको लेखा परीक्षण समिति गठन गरी सञ्चालन गर्न सक्नेछ ।

५. प्रदेश लेखा परीक्षण समितिले प्रदेश समिति, प्रदेश स्तरका पार्टीका अन्य संरचनाहरू, जिल्ला समन्वय समिति, निर्वाचन क्षेत्र समन्वय समितिसँग सम्बन्धित लेखा प्रणाली हेर्नेछ र, स्थानीय पालिकास्तरको लेखा परीक्षण समितिले पालिकास्तरका पार्टीका संरचनाहरू, वडास्तरका संरचनाहरू, टोल र सेलको लेखा प्रणाली हेर्नेछ ।

६. प्रदेश र स्थानीय तहका लेखा परीक्षण समितिले गरेका निर्णयमा चित्त नबुझेमा सम्बन्धित व्यक्ति वा निकायले केन्द्रीय लेखा परीक्षण आयोगमा उजुरी गर्न सक्नेछ । यस सम्बन्धमा केन्द्रीय लेखा परीक्षण आयोगले गरेको निर्णय अन्तिम हुनेछ ।

### धारा - १९. निर्वाचन आयोग

१. पार्टीको केन्द्रीय संरचनाहरूको निर्वाचनलाई व्यवस्थित गर्नका लागि महाधिवेशनले अध्यक्षसहित बढीमा १५ सदस्यीय निर्वाचन आयोग गठन गर्नेछ ।

२. दैनिक कार्य सञ्चालनका लागि आयोगले आफूमध्येका सदस्यहरूबाट सचिव तोक्नेछ ।

३. निर्वाचन सम्बन्धी कार्यविधि निर्वाचन आयोग स्वयंले तर्जुमा गरी कार्यान्वयन गर्नेछ ।

४. प्रदेश तथा स्थानीय पालिकास्तरमा पनि ५ देखि बढीमा ७ जनासम्मको निर्वाचन समितिहरू गठन गरी पार्टीको निर्वाचन सम्बन्धि कार्यहरू व्यवस्थित गर्नेछ ।

५. प्रदेश निर्वाचन समितिले प्रदेश समिति र प्रदेश स्तरका पार्टीका निकायहरूको निर्वाचन सञ्चालन गर्ने छ भने स्थानीय पालिकास्तरको निर्वाचन समितिले पालिकास्तरका पार्टीका निकायहरू र वडास्तरका निकायहरूको निर्वाचन कार्यक्रम सञ्चालन गर्नेछ ।

६. प्रत्येक तहको निर्वाचन सम्बन्धमा विवाद उत्पन्न भएमा निर्वाचन आयोगले गरेको निर्णय अन्तिम हुनेछ।

### धारा - २०. जेष्ठ कम्युनिस्ट मञ्च

१. पार्टी केन्द्रीय समितिलाई वैचारिक, नीतिगत र विगतका अनुभवहरूको संस्थागत निरन्तरताका लागि सल्लाह, सुझाव र कतिपय वैचारिक विषयमा आवश्यक मार्ग निर्देशनका लागि केन्द्रीय समितिले जेष्ठ कम्युनिस्ट मञ्च गठन गर्नेछ ।

२. विगत कालमा कम्तिमा एक कार्यकाल केन्द्रीय सल्लाहकार वा जेष्ठ कम्युनिस्ट मञ्चमा काम गरेका वा केन्द्रीय समितिमा कम्तिमा दुई कार्यकाल पूरा गरेका वा विभिन्न क्षेत्रका अनुभव प्राप्त ७० वर्ष उमेर पूरा भएका वरिष्ठ व्यक्तित्वहरुलाई पार्टी केन्द्रीय समितिले मञ्चको सदस्यमा चयन गर्नेछ ।

३. मञ्चमा अध्यक्षसहित बढीमा ९९ सदस्यहरू रहने छन् ।

४. दैनिक कार्य सञ्चालनका लागि मञ्चले आफूमध्येका सदस्यहरूबाट सचिव तोक्नेछ ।

### धारा - २१. केन्द्रीय सल्लाहकार समिति

१. पार्टी केन्द्रीय समितिलाई वैचारिक र नीतिगत विषयहरूमा आवश्यक सल्लाह र सुझाव दिनका लागि केन्द्रीय समितिले सल्लाहकार समिति गठन गर्नेछ ।

२. सल्लाहकार समिति गठन गर्दा विगत कालमा कम्तिमा एक कार्यकाल सल्लाहकार रहेका वा केन्द्रीय समितिमा कम्तिमा दुई कार्यकाल पूरा गरेका वा विभिन्न क्षेत्रका अनुभव प्राप्त वरिष्ठ व्यक्तित्वहरुलाई पार्टी केन्द्रीय समितिले सल्लाहकार समितिको सदस्यमा चयन गर्नेछ ।

३. समितिमा अध्यक्षसहित बढीमा ९९ सदस्यहरू रहने छन् ।

४. दैनिक कार्य सञ्चालनका लागि समितिले आफूमध्येका सदस्यहरूबाट सचिव तोक्नेछ ।

## भाग - ६
## प्रदेश तथा स्थानीय समिति

### धारा - २२. प्रदेश समिति र स्थानीय समितिहरू

१. देशको भौगोलिक विभाजनअनुसार सात प्रदेश, काठमाडौं उपत्यकामा ज.व.स./मोर्चा विशेष प्रदेश समिति, काठमाडौं उपत्यकामा सम्पर्क समन्वय प्रदेश समिति गठन गरी सञ्चालन गरिनेछ ।

२. प्रवासमा रहेका नेपालीहरूबीच विभिन्न प्रकारका पार्टी संरचनाहरू गठन गरी सञ्चालन गरिने छ ।

३. प्रदेश समितिहरू मातहत भौगोलिक स्थानीय समिति र गैरभौगोलिक विशेष संरचनाहरू रहनेछन् ।

### धारा – २३. अधिवेशनहरू

१. प्रदेश, स्थानीय पालिका र वडा स्तरहरूमा अधिवेशन हुनेछन् ।

२. प्रदेशहरूमा प्रत्येक ३ वर्षमा, स्थानीय पालिकाहरूमा प्रत्येक २ वर्षमा र वडाहरूमा प्रत्येक बर्ष सम्बन्धित तहको कार्यसमितिले अधिवेशनको आयोजना गर्ने छ ।

३. अधिवेशनको प्रतिनिधित्व समावेशी सिद्धान्त अनुसार सम्बन्धित तहको आयोजक समितिले तोकेको कोटा अनुसार एक तह तल्लो समितिबाट प्रतिनिधि छनौट गरी सहभागी गरिने छ ।

४. अधिवेशनले आफ्नो तहको नीतिगत कार्यक्रमिक योजना र संगठनात्मक तथा आर्थिक विषयलगायत आफ्नो तहको कार्यसमितिको निर्वाचन गर्नेछ ।

५. कार्यसमिति गठन नभएको स्थितिमा माथिल्लो समितिले सो स्तरको संगठन समिति गठन गरी अधिवेशनहरूको आयोजना गर्नेछ । कार्यसमितिको कार्यावधि समाप्त भएको स्थितिमा उक्त समिति स्वतः संगठन समितिमा परिणत हुनेछ । सो संगठन समितिले बढिमा ६ महिनाभित्र अधिवेशनको आयोजना गर्नु पर्नेछ ।

### धारा - २४. कार्य समिति

कार्य समितिहरूको आकार बढीमा निम्नानुसार रहने छ :

१. भौगोलिक प्रदेश कार्यसमिति - १२५ सदस्यीय

२. उपत्यकामा र प्रवासमा गठन हुने प्रदेशस्तरका विशेष समितिहरू बढीमा- ९९ सदस्यीय

३. महानगरपालिका समिति/महाशाखा - ९९ सदस्यीय

४. उपमहानगरपालिका समिति - ७५ सदस्यीय

५. नगरपालिका समिति - ५५ सदस्यीय

६. गाउँपालिका समिति/शाखा - ४५ सदस्यीय

७. वडा समिति/उपशाखा - २५ सदस्यीय

८. टोल समिति/प्रशाखा - १५ सदस्यीय

९. सेल कम्तिमा - ३ सदस्यीय

### धारा - २५ प्रदेश तथा स्थानीय तहका कार्य समितिहरूको काम, कर्तव्य र अधिकार

१. सम्बन्धित तहको पदाधिकारी चयन, सचिवालय, अनुसाशन, लेखा, निर्वाचन समिति, विभागहरूको गठन, आ-आफ्नो तह अन्तर्गतका समितिहरूको इन्चार्ज तोक्ने, जन वर्गीइ संगठन/मोर्चाहरू हेर्ने जिम्मा लगायत सदस्यहरूको कार्यविभाजन गर्ने,

२. पार्टीको प्रकाशन, पार्टी स्कूल सञ्चालन, छलफल, अन्तरक्रिया लगायतका वैचारिक कामहरू गर्ने,

३. पार्टीको नीतिगत कार्यहरू, योजना तथा कार्यक्रमहरू तर्जुमा गरी सञ्चालन गर्ने,

४. पार्टीको संगठनात्मक कार्यहरू सञ्चालन गर्ने,

५. समिति मातहतका काम र गतिविधिहरूको अनुगमन, निरीक्षण र मूल्याङ्कन तथा समीक्षा गर्ने,

६. श्रम सहकारी, आर्थिक उत्पादन लगायतका कार्ययोजनाहरू बनाई कार्यान्वयन गर्ने,

७. आर्थिक कोषको व्यवस्था गरी सञ्चालन गर्ने,

८. पार्टी समिति तथा सदस्यहरूको अनुसाशन कायम राख्ने र अनुशासन समितिले गरेका सिफारिसहरूको आवश्यक निर्णय गर्ने ।

९. सम्बन्धित तहहरुको जनप्रतिनिधिको निर्वाचनको सन्दर्भमा उम्मेदवारहरुको सिफारिस प्रयोजनको लागि उम्मेदवार छनौट भेलाको आयोजना, राजनीतिक नियुक्ति, विकास निर्माण, संसदीय दलहरू गठनको पहल लगायतका राज्यसँग सम्बन्धित कार्यहरू गर्ने,

१०. सम्बन्धित तहको समितिका अन्य कार्यहरू गर्ने ।

**धारा - २६ प्रदेश र स्थानीय तहका सचिवालयहरूको काम, कर्तव्य र अधिकार**

१. कार्य समितिको पूर्ण बैठक नभएको अवस्थामा समितिका कार्यहरूको सञ्चालन गर्ने,

२. आफ्नो तहको कार्य समितिप्रति उत्तरदायी हुने गरी नीतिगत तथा कार्यक्रमिक योजनाहरू बनाई सञ्चालन गर्ने,

**धारा - २७ प्रदेश र स्थानीय तहका पदाधिकारीहरूको काम कर्तव्य र अधिकार**

**१. प्रदेश र स्थानीय तहका अध्यक्षहरूको काम कर्तव्य र अधिकार**

(क) कार्य समिति, सचिवालय, परिषद् लगायतका बैठकहरूको अध्यक्षता गर्ने,

(ख) सम्बन्धित तहको समग्र कार्यहरूको नेतृत्व गर्ने,

(ग) बैठक तथा अधिवेशनहरूमा राजनीतिक प्रतिवेदन प्रस्तुत गर्ने,

(घ) समितिले गरेका निर्णयहरू कार्यान्वयन गर्ने र गराउने,

(ङ) कामको अनुगमन, निरीक्षण, मूल्याङ्कन र समीक्षा गर्ने,

(च) पार्टी समितिको कार्यालय सञ्चालनका लागि सचिवलाई र कोषको व्यवस्थापन तथा सञ्चालनको लागि कोषाध्यक्षलाई निर्देशन दिने,

(छ) सम्बन्धित तहको अध्यक्षको हैसियतले गर्नुपर्ने काम गर्ने,

**२. प्रदेश र स्थानीय तहका उपाध्यक्षहरूको काम, कर्तव्य र अधिकार**

(क) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सम्पूर्ण कार्यहरू तोकिए बमोजिमको उपाध्यक्षले गर्ने,

(ख) अध्यक्षले प्रत्यायोजन गरेका कार्यहरू गर्ने,

(ग) अध्यक्षको कार्यमा आवश्यक सहयोग गर्ने ।

**३. प्रदेश र स्थानीय तहका सचिवहरूको काम, कर्तव्य र अधिकार**

(क) अध्यक्षको निर्देशनमा आ-आफ्नो तहको समितिको बैठक बोलाउने,

(ख) बैठकको कार्यसूची र योजनाहरूको प्रस्ताव गर्ने,

(ग) संगठनात्मक गतिविधिको प्रगति प्रतिवेदन पेश गर्ने,

(घ) संगठनात्मक कार्यहरूको अनुगमन, निरीक्षण, मूल्याङ्कन र समीक्षा गर्ने,

(ङ) बैठकले गरेका निर्णयहरू तल्ला समितिहरूमा परिपत्र गर्ने ।

**४. प्रदेश र स्थानीय तहका सह-सचिवहरूको काम, कर्तव्य र अधिकार**

(क) सचिवको अनुपस्थितिमा सचिवले गर्ने सम्पूर्ण कार्यहरू तोकिए बमोजिमको सह-सचिवले गर्ने,

(ख) सचिवले प्रत्यायोजन गरेका कार्यहरू गर्ने,

(ग) सचिवको कार्यमा आवश्यक सहयोग गर्ने ।

**५. प्रदेश तथा स्थानीय तहका कोषाध्यक्षहरूको काम, कर्तव्य र अधिकार**

(क) प्रदेश र स्थानीय पालिका समिति लगायत सबै तहका कोषाध्यक्षहरूले कोषको संरक्षण, व्यवस्थापन र सञ्चालन गर्ने,

(ख) समितिको आर्थिक आय-व्ययको लगत विवरण राख्ने,

(ग) आ-आफ्नो तहको सदस्यहरूको लेवी कोटा नियमित र व्यवस्थित गर्ने,

(घ) नियमति लेखा प्रणाली व्यवस्थित गर्ने,

(ङ) श्रम तथा आर्थिक उत्पादनका योजनाहरू बनाउने,

(च) आर्थिक योजनाहरूको कार्यान्वयनको अनुगमन, निरीक्षण र मूल्याङ्कन गर्ने,

(छ) कोषाध्यक्षले गर्नुपर्ने अन्य कार्यहरू गर्ने ।

**६. कार्यालय :-**

(क) प्रदेश र स्थानीय तहको समितिहरूमा अध्यक्षको नेतृत्वमा पदाधिकारीहरू सदस्य रहेको कार्यालय गठन हुनेछ ।

(ख) कार्यालयले दैनिक प्रशासनिक कार्यहरू नियमित रूपले सञ्चालन गर्नेछ ।

(ग) कार्यालयबाट गर्नुपर्ने अन्य कार्य गर्नेछ ।

## धारा - २८. समन्वय समिति

१. भौगोलिक जिल्लाहरूमा जिल्ला समन्वय समिति, संघीय निर्वाचन क्षेत्र समन्वय समिति, प्रदेश निर्वाचन क्षेत्र समन्वय समिति सम्बन्धित प्रदेश समितिले गठन गरी सञ्चालन गरिने छ ।

**२. समन्वय समितिको गठन :-**

(क) समन्वय समितिको संयोजक प्रदेश समितिले तोकेबमोजिम हुनेछ । सदस्यहरूमा उक्त क्षेत्रमा कार्यरत रहेका प्रदेश सदस्यहरू, स्थानीय पालिकाका अध्यक्ष, उपाध्यक्ष र सचिव र पार्टीको तर्फबाट निर्वाचित सम्बन्धित निर्वाचन क्षेत्रका जनप्रतिनिधिहरू र स्थानीय तहको निर्वाचित प्रमुख र उपप्रमुख पदेन सदस्य रहनेछन् ।

(ख) प्रदेश समितिले बढीमा जिल्ला समन्वयमा-२५ जना, संघीय निर्वाचन क्षेत्र समन्वयमा-२० जना र प्रदेश निर्वाचन क्षेत्र समन्वयमा-१० जनासम्म सदस्यहरूलाई मनोनित गर्नेछ ।

(ग) समन्वय समितिले कार्यालयको दैनिक कार्यसञ्चालनको लागि आफूमध्येबाट एक जना सचिव तोक्नेछ ।

(घ) एक मात्र संघीय निर्वाचन क्षेत्र रहेको जिल्लाहरूको हकमा जिल्ला समन्वय समिति स्वयंले संघीय निर्वाचन क्षेत्रको कार्य गर्नेछ ।

**३. समन्वय समितिहरूको काम, कर्तव्य र अधिकार**

(क) समन्वय समितिको संयोजकको अध्यक्षतामा आवधिक रूपमा बैठक बसी समन्वय समितिका सदस्यहरूको कार्यविभाजन गर्ने,

(ख) आवधिक रूपमा हुने राज्यका निर्वाचनहरूलाई केन्द्रबिन्दु बनाई सम्पूर्ण कार्यहरू निर्वाचनको तयारीमा केन्द्रित गर्ने,

(ग) वैचारिक, राजनीतिक, संगठनात्मक, आर्थिक उत्पादन, रोजगारी, सांस्कृतिक रूपान्तरण र विकास निर्माण लगायतका कार्यहरू गर्ने ।

(घ) आ-आफ्नो क्षेत्रको अन्य राजनीतिक दल तथा राज्यका निकायहरूसँग सम्पर्क-समन्वय गर्ने ।

(ङ) पार्टी सदस्यहरूको स्थिति र अभिलेखिकरण आवधिक रूपमा गर्ने,

(च) कोष संकलन, व्यवस्थापन तथा सञ्चालन गर्ने ।

## धारा - २९. विभाग

१. सम्बन्धित तहको पार्टी समितिलाई विषयगत आधारमा नीतिगत सुझाव र सिफारिसको लागि केन्द्र, प्रदेश र स्थानीय पालिकाहरूमा विषयगत विभागहरू गठन गरी सञ्चालन गर्न सकिनेछ ।

२. विभागको संयोजक सम्बन्धित तहको समितिको सदस्यको संयोजकत्वमा बिषयगत अनुभवी विज्ञहरू समावेश गरी केन्द्रयमा प्रमुखसहित बढीमा १५ सदस्यीय र प्रदेश तथा पालिकास्तरमा प्रमुखसहित बढीमा ९ सदस्यीय रहने गरी विभाग गठन गरिने छ ।

३. विभागका सदस्यहरूमध्येमा एक जना सचिव विभाग स्वयंले तोक्न सक्नेछ ।

४. विभागहरूको क्षेत्राधिकार र कार्यविधि सम्बन्धमा केन्द्रीय समितिले जारी गर्ने नियमावली अनुरूप हुनेछ ।

## धारा - ३०. जन वर्गीय संगठन तथा मोर्चा

१. विभिन्न जन वर्ग, पेशा, व्यवसाय र जातीय पहिचानसहितका समुदायहरूको बीचमा आफ्नो बर्गीय तथा पेशागत हकहित र अधिकारको निम्ति विभिन्न जनबर्गीय संगठन, पेशागत संगठन, जातिय मोर्चाहरू गठन गरी सञ्चालन गरिने छ ।

२. जनवर्गीय संगठन तथा मोर्चाहरूको वैचारिक नेतृत्व पार्टीले गर्नेछ । त्यसको लागि पार्टीले निश्चित संयन्त्र निर्माण गरी सञ्चालन गर्नेछ ।

३. जनवर्गीय संगठन तथा मोर्चाको संगठनात्मक प्रणाली आ-आफ्नो विधानअनुसार स्वायत्त ढंगले सञ्चालन हुनेछ ।

## धारा - ३१. संसदीय दल

**१. संघीय संसद् र प्रदेस सभा :-** राज्यका विभिन्न अंगहरूमा पार्टीको विचार र नीतिलाई प्रभावकारी ढंगले कार्यान्वयन गर्नका लागि मुलुकको संवैधानिक व्यवस्था अनुसार पार्टी केन्द्रीय समितिले संघीय जनप्रतिनिधिहरुको बीचमा संघीय संसदीय दल र पार्टीको प्रदेश समितिले प्रदेशसभा संसदीय दल गठन गर्न पहल गर्नेछ । दल सञ्चालन सम्बन्धी विधानहरू सोही तहका पार्टी समितिहरूको सहमतिमा सम्बन्धित तहका दलहरूले तर्जुमा गरी सञ्चालन गर्ने छ ।

**२.** स्थानीय तहका जनप्रतिनिधि रहेका पार्टी सदस्यहरूको हकमा पार्टीको स्थानीय तह समितिहरूले आवश्यक नीति निर्देशनमार्फत सञ्चालन र परिचालन गर्न सक्नेछन् ।

## भाग-७
## निर्वाचन विधि

### धारा - ३२. महाधिवेशन तथा अधिवेशनहरूमा प्रतिनिधि छनौट

१. आयोजक समितिले महाधिवेशन तथा अधिवेशनहरूको प्रतिनिधित्वका लागि आफ्नो मातहतको समितिलाई प्रतिनिधि संख्या निर्धारण गर्नेछ ।

२. प्रतिनिधि संख्या निर्धारण गर्दा पार्टी सदस्य संख्या, भुगोल र मुलुकको बहुजातीय सामाजिक विशेषता अनुरूपको समानुपातिक समावेशीताको आधारमा गरिनेछ । त्यसको लागि प्रतिनिधिहरूको कूल सदस्य संख्याको ५१ प्रतिशत खुला र ४९ प्रतिशत समानुपातिक निर्वाचन प्रणालीद्वारा महाधिवेशन/अधिवेशनमा प्रतिनिधित्वको व्यवस्था गरिनेछ ।

३. समानुपातिक तर्फको ४९ प्रतिशतलाई शतप्रतिशत मानी त्यसलाई जनसंख्याको अनुपातमा दलित, मुस्लिम, मधेशी, थारू, आदिवासी जनजाति र खस-आर्यको सीट संख्या निर्धारण गरिनेछ । यसरी सिट निर्धारण गर्दा प्रत्येक समूहबाट ५० प्रतिशत महिला प्रतिनिधित्व अनिवार्य गरिनेछ ।

४. अधिवेशनको प्रतिनिधि छनोटका लागि सम्बन्धित समितिहरूले भेला गरी प्रतिनिधिहरू छनोट गर्नेछ । प्रतिनिधि छनोटमा निर्विरोध हुन नसकेमा निर्वाचन समितिको व्यवस्थापनमा प्रत्यक्ष निर्वाचन प्रणालीबाट निर्वाचन गरी प्रतिनिधिहरूको छनोट गरिनेछ ।

५. सबै तहका आयोजक समितिका सदस्यहरू अधिवेशनको प्रतिनिधिका लागि एक तह तलको अधिवेशनबाट छनोट हुनुपर्नेछ ।

६. अधिवेशनको प्रतिनिधिका लागि खुलातर्फ न्यूनतम् एक तह तल्लो समितिमा एक कार्यकाल पूरा गरेको र समानुपातिक तर्फ एक तह तल्लो समितिमा कार्यरत रहेको हुनुपर्नेछ ।

### धारा - ३३. कार्यसमितिको गठन

१. कार्यसमितिको निर्वाचन सम्बन्धित तहको महाधिवेशन/अधिवेशनले गर्नेछ ।

२. कार्यसमिति गठन गर्दा हरेक समितिमा ५१ प्रतिशत खुल्ला र ४९ प्रतिशत समानुपातिक गरी समावेशी गरिने छ ।

३. समानुपातिक तर्फको ४९ प्रतिशतलाई शतप्रतिशत मानी त्यसलाई जनसंख्याको अनुपातमा दलित, मुस्लिम, मधेशी, थारु, आदिवासी जनजाति र खस-आर्यको सीट संख्या निर्धारण गरिनेछ । यसरी सीट निर्धारण गर्दा प्रत्येक समूहबाट ५० प्रतिशत महिला प्रतिनिधित्व गरिनेछ ।

४. ४९ प्रतिशत समानुपातिक तर्फको सिटलाई शतप्रतिशत मानि त्यसमध्ये २० प्रतिशत ४० वर्षमुनिका युवाहरूलाई सबै समूहबाट समावेशी गरिने छ ।

५. समूहगत सिट निर्धारण गर्दा प्रत्येक समूहबाट ५० प्रतिशत र कुल समितिको कम्तिमा ३५ प्रतिशत महिला सहभागिता सुनिश्चित गरिने छ ।

६. विशेषाधिकारको मान्यता अनुसार कुल समानुपातिक सिटमध्येबाट दलितको हकमा १५ प्रतिशत र मुस्लिमको हकमा ५ प्रतिशत सहभागिता सुनिश्चित गरिनेछ ।

७. संरक्षणको मान्यताअनुसार हरेक समितिमा लोपोन्मुख जाति, पिछडिएको क्षेत्र र अपांगता भएका व्यक्तिहरूको प्रतिनिधित्वको मान्यतालाई अवलम्बन गरिनेछ ।

८. खुल्ला र समानुपातिक तर्फका सबै समूहको सिटमध्ये ९० प्रतिशत अधिवेशनबाट र १० प्रतिशत सम्बन्धित तहको नवगठित समितिले पार्टी एकता, एकीकरण र समायोजनको क्रममा क्रमशः समावेश गर्नेछ ।

९.कतिपय स्थानहरूमा सामूदायिक जनसंख्या रहेको, तर पार्टी समितिमा रहनका लागि पार्टी विधानले निर्धारण गरेको उम्मेदवारको मापदण्ड नपुगेमा त्यस प्रकारका स्थानहरूको सिट रिक्त रहने छ ।

१०. काठमाडौं उपत्यकाको विशेष प्रदेश र प्रवासको पार्टी समितिहरूमा सोही क्षेत्रमा रहेका पार्टी सदस्यहरूको सामाजिक बनोटको आधारमा समानुपातिक समावेशी गरिनेछ ।

११. गैर-भौगोलिक समितिहरू - महाशाखा, शाखा, उपशाखा र प्रशाखा समितिहरूमा सोही क्षेत्रमा रहेका पार्टी सदस्यहरुको सामाजिक बनोटको आधारमा समानुपातिक समावेशी गरिने छ ।

१२. निर्वाचनका कार्यहरू सम्पन्न भइसकेपछि निर्वाचन आयोग/समितिले निर्वाचित सदस्यहरूलाई सपथ ग्रहण गराउने छ ।

**धारा - ३४. राजीनामा, पद रिक्तता र पदपूर्ति**

**१. राजीनामा :**

(क) कुनै पनि समितिको पदाधिकारी वा सदस्यले पदबाट अलग हुन चाहेमा आफू रहेको समितिको अध्यक्ष लिखित राजीनामा दिन सक्नेछ ।

(ख) अध्यक्षले राजीनामा दिनुपरेमा आफूभन्दा माथिल्लो समितिमा राजीनामा पेश गर्न सक्नेछन् । केन्द्रीय समितिको अध्यक्षले राजिनामा दिन चाहेमा पार्टीका वरिष्ठ उपाध्यक्ष समक्ष पेश गर्नु पर्नेछ ।

(ग) राजीनामाको स्विकृत गर्ने/नगर्ने निर्णय सम्बन्धित तहको समितिलाई रहने छ ।

(घ) हरेक तहको अनुशासन, लेखा, निर्वाचन आयोग/समिति, सल्लाहकार, जेष्ठ कम्युनिस्ट मञ्च पदाधिकारी तथा सदस्य र विभागको सचिव तथा सदस्यहरुले आफ्नो पदबाट राजीनामा दिन चाहेमा आफ्नो अध्यक्ष/प्रमुख मार्फत राजीनामा पेश गर्नु पर्नेछ । सम्बन्धित समितिले त्यस्तो राजिनामा स्वीकृत गर्ने वा नगर्ने निर्णय गर्ने छ ।

**२. पद रिक्तता :-** देहायको अवस्थामा पार्टीका कुनै पनि पदाधिकारी वा सदस्यको पद रिक्त हुनेछ :-

(क) मृत्यु भएमा,

(ख) पदबाट राजीनामा दिएमा,

(ग) पार्टी परित्याग गरेको ठहरिएमा,

(घ) अनुशासनको कारवाहीमा परी पदबाट निष्काशित भएमा,

(ङ) कार्यसमितिको हकमा बिना उचित कारण र बिना सूचना लगातार तीन पटकसम्म समितिका बैठकहरूमा अनुपस्थित भएमा र अन्य आयोग, समिति र विभागका सदस्यहरूको हकमा उचित कारण र बिना सूचना लगातार ६ महिनासम्म बैठकहरूमा अनुपस्थित रहेमा ।

**३. पदपूर्ति** :- पार्टीको कुनै पनि समितिका पदाधिकारी वा सदस्यको पद रिक्त भएमा सम्बन्धित समितिको बैठकबाट पदपूर्ति गर्न सकिने छ ।

## भाग-८
## पार्टी अनुशासन बारे

**धारा -३५. अनुशासन**

**१. देहाय बमोजिमका गतिबिधिहरू गरेमा अनुशासन उल्लङ्घन भएको ठहरिने छ :-**

(क) कम्युनिस्ट पार्टीको सिद्धान्त, आदर्श र नैतिक मुल्य-मान्यता, पार्टीको नीति-कार्यक्रम र विधानले गरेको व्यवस्थाको बिपक्षमा शार्वजनिक क्रियाकलाप गरेमा,

(ख) पार्टी निर्णयको उल्लङ्घन गरेमा,

(ग) पार्टी भित्र गुटबन्दी गरेमा,

(घ) पार्टीको गोपनीयता भंग गरेमा,

(ङ) निर्वाचन सम्बन्धि पार्टी निर्णयको उल्लङ्घन गरेमा,

(च) नैतिक पतन देखिने फौजदारी कसुर गरेमा,

(छ) भ्रष्टाचार गरेमा वा आर्थिक अनियमितता गरेमा,

(ज) राष्ट्रहित बिपरित अवाञ्छित तत्वहरूसँग साँठगाँठ गरेमा,

(झ) पार्टीको सम्पतिको हिनामिना गरेमा,

(ञ) जातीय भेदभाव, छुवाछुत, हिंसा र सामाजिक न्याय विपरित क्रियाकलाप गरेमा ।

**२. अनुशासनको कारवाही देहाय बमोजिम हुने छ :-**

(क) पार्टी सदस्यहरूले उपधारा - १ अनुसारका कुनै पनि क्रियाकलाप गरेमा सम्बन्धित तहको पार्टी समितिले अनुशासनको कारवाही गर्ने छ ।

(ख) सम्बन्धित समितिले छानविनको आवश्यकता ठानेमा केन्द्रीय निकायहरूको हकमा अनुशासन आयोग र अन्यको हकमा सम्बन्धित तहको अनुशासन समितिमा छानविन तथा सिफारिसको लागि पठाइने छ । अनुशासन आयोग वा समितिले त्यस प्रकारका निवेदनहरू उपर छानविन तथा स्पष्टिकरण लिई आवश्यक कारवाहीको लागि सम्बन्धित तहको कार्यसमितिमा सिफारिस गर्ने छ ।

(ग) कतिपय अनुशासन उल्लङ्घन सम्बन्धि उजुरी अनुशासन आयोग वा अनुशासन समितिमा कुनैपनि सदस्य वा समितिले पेश गर्न सक्ने छ । त्यसरी पेश हुन आएका उजुरीहरूका सम्बन्धमा आयोग वा समितिले छानविन गरी सम्बन्धित तहमा कारवाहीको लागि सिफारिस गर्न सक्ने छ।

(घ) अनुशासन सम्बन्धि कारवाहीका स्वरूपहरू - आलोचना वा चेतावनी वा गम्भिर चेतावनी वा समितिबाट आवधिक निलम्वन वा समितिबाट पद घटुवा वा संगठित सदस्यताबाट निलम्वन वा निष्काशन हुनेछन् । अनुशासन आयोग वा अनुशासन समितिको सिफारिस तथा अनुशासन उल्लङ्घनको प्रकृति अनुसार माथि उल्लेखित कार्वाहीको स्वरूप अवलम्वन गरिने छ ।

(ङ) कुनै पनि सदस्यलाई अनुशासनको कारवाहीको निर्णय गर्नु पूर्व स्पष्टिकरण तथा प्रतिवादको मौका दिइने छ ।

(च) अनुशासनको कारवाही उपर चित्त नबुझेमा एक तह माथिल्लो समितिमा पुनरावेदन गर्न सक्ने छ । केन्द्रीय निकायहरूको हकमा राष्ट्रिय परिषदमा पुनरावेदन गर्न सक्ने छ ।

(छ) पुनरावेदन सुन्ने राष्ट्रिय परिषद्ले गरेको निर्णय सामान्यतः अन्तिम हुने छ । तर पार्टीबाट निष्काशन सम्बन्धि गम्भिर प्रकृतिका विषयमा राष्ट्रिय परिषद्को निर्णयमा चित्त नबुझेमा पार्टीको महाधिवेशनमा पुनरावलोकनको माग गर्न सक्ने छ । महाधिवेशनले गरेको निर्णय अन्तिम हुने छ ।

## भाग-९
## विविध

**धारा -३६. सामाजिक संगठन र प्रतिष्ठान**

१. शहीद परिवार, वेपत्ता योद्दा परिवार, घाईते तथा अपाङ्गहरूको हकहित र अधिकारको निम्ति सामाजिक संगठनहरू निर्माण गरी सञ्चालन गर्न सकिने छ ।

२. महान् शहीदहरू, निधन भएका पार्टीका नेताहरू, आन्दोलनहरूको स्मृति, अध्ययन अनुसान्धान आदिका नाममा विभिन्न प्रतिष्ठानहरू गठन गरी सञ्चालन गर्न सकिने छ ।

३. पार्टी सम्बद्ध प्रतिष्ठानहरूको सञ्चालन पार्टीको सहमतिमा विधान निर्माण गरी सञ्चालन गर्न सकिने छ ।

**धारा - ३७ पार्टी कोष तथा अचल सम्पत्तिः**

**१.** केन्द्रीय समितिले पार्टीको केन्द्रीय कोषको निर्माण एवम् सञ्चालन गर्नेछ । त्यसको स्रोत देहाय बमोजिम हुनेछः

(क) तोकिएको सदस्यता शुल्क तथा लेवी,

(ख) विभिन्न व्यक्ति तथा संस्थाहरुद्वारा स्वेच्छिक रुपमा गरेको सहयोग,

(ग) प्रकाशन बिक्री-वितरण,

(घ) पार्टी सम्पत्तिको परिचालन,

(ङ) स्रोतका लागि सञ्चालन गरिने उत्पादन कार्य, विशेष कार्यक्रम वा अभियान,

**२.** पार्टीका प्रदेश तथा स्थानीय समितिहरूले आफ्नो समितिका सदस्यहरू तथा मातहतका समितिबाट निर्णय गरिएका शुल्क एवम् लेवी र समर्थक शुभचिन्तकहरूबाट प्राप्त सहयोग सङ्कलन गरी आफ्नो तहको कोष निर्माण एवम् सञ्चालन गर्नेछन् ।

**३.** पार्टी कोष तथा सम्पत्तिको व्यवस्थापन र सञ्चालन पार्टीको केन्द्रीय समितिको निर्णय अनुसार हुनेछ ।

**४.** केन्द्रीय समितिको अनुमति लिएर यस्तो कोष प्रदेश तथा नगर/गाउँ पालिका समितिसम्म स्थापना गर्न सकिनेछ ।

**५.** पार्टीले मान्यता प्राप्त बैंक वा वित्तीय संस्थामा पार्टीको नाममा खाता सञ्चालन गरी कोषको परिचालन गर्नेछ ।

**६.** पार्टीले आवश्यकता अनुसार अचल सम्पत्ति खरिद बिक्री गर्न सक्नेछ ।

७. पार्टीको नाममा भएका अचल र जिन्सीलगायत सम्पूर्ण सम्पत्तिमा पार्टी केन्द्रीय समितिको पूर्ण स्वामित्व रहनेछ ।

**८.**केन्द्रीय समितिको लिखित अनुमतिबिना लिइएको ऋण तथा दायित्वप्रति पार्टी जवाफदेही रहने छैन ।

**धारा - ३८ सम्पत्ति विवरण**

१. पार्टीका केन्द्रीय पदाधिकारी, केन्द्रीय सदस्यहरू लगायत केन्द्रीय निकायका सदस्यहरूको सम्पत्ति विवरणको संकलन गर्ने र अद्यावधिक गर्ने काम केन्द्रीय कार्यालयले गर्ने छ ।

२. प्रदेश तहका पदाधिकारी तथा सदस्यहरूको सम्पत्ति विवरणको अद्यावधिक प्रदेश कार्यालयले गर्नेछ ।

३. स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सम्पत्ति विवरणको अद्यावधिक स्थानीय पार्टी कार्यालयहरुले गर्नेछन् ।

४. सम्पत्ति विवरण सम्बन्धमा छानविन गर्नुपर्ने देखिएमा केन्द्रको हकमा केन्द्रीय अनुशासन आयोगमा र अन्य समितिको हकमा सम्बन्धित तहको अनुशासन समितिमा पठाइने छ ।

**धारा -३९. जेष्ठ कम्युनिस्ट तथा पूर्णकालिन कार्यकर्ता संरक्षण कोष**

१. पार्टीको केन्द्र, प्रदेश तथा स्थानीय तहमा जेष्ठ कम्युनिस्ट तथा पूर्णकालिन कार्यकर्ता संरक्षण कोष स्थापना गरिने छ ।

२. पार्टीको लेवी तथा कोटाबाट १० प्रतिशतका दरले उक्त कोषमा नियमित रूपले सञ्चय गरिने छ ।

३. कोष संकलन तथा सञ्चालन केन्द्रीय समितिले जारी गरेको नियमावली अनुसार हुने छ ।

**धारा- ४०. विधान संशोधन**

१. पार्टीको घोषित सिद्धान्त र मान्यता, नेपालको संविधान, प्रचलित कानूनको प्रतिकूल नहुने गरी पार्टीको विधान अधिवेशनबाट विधान संशोधन, परिमार्जन र प्रतिस्थापन गरी नयाँ विधान लागू गर्न सक्नेछ ।

२. विधान अधिवेशन अगावै विधान संशोधन गर्नुपर्ने भएमा विधान अधिवेशनप्रति उत्तरदायी हुनेगरी केन्द्रीय समितिको दुई तिहाईले पार्टी विधान संशोधन गर्न सक्नेछ ।

**धारा- ४१ नियम बनाउने अधिकार**

केन्द्रीय समितिले विधानसँग नबाझिने गरी नियमावली, निर्देशिका र आचारसंहिता निर्माण गरी लागू गर्न सक्नेछ ।

**धारा- ४२ व्याख्या गर्ने अधिकार**

यस विधानको कुनैपनि प्रावधान बारे विवाद उत्पन्न भएमा केन्द्रीय समितिले गरेको व्याख्या अन्तिम हुनेछ ।

**धारा- ४३ भए गरेका काम कायम रहने**

यस अघि पार्टीको विधान बमोजिम भए गरेका सम्पूर्ण काम, कारवाही यसै विधान बमोजिम गरेको मानिनेछ ।

**धारा- ४४ संक्रमणकालिन व्यवस्था**

यो विधान बमोजिमका समितिहरु अधिवेशनहरु मार्फत क्रमशः गठन हुदै जानेछन् । यस विधान अनुसारका समिति र निकायहरुले पूर्णता नपाउँदासम्म हाल कायम रहेका समिति र निकायहरु क्रियाशिल रहनेछन् ।

**धारा- ४५ बाधा-अड्काउ फुकाउ**

यस विधानको कार्यान्वयनमा कुनै बाधा-अड्काउ पर्न आएमा केन्द्रीय समितिले निर्णय गरी बाधा अड्काउ फुकाउनेछ ।

**धारा- ४६ खारेजी**

यस विधान लागू हुनुभन्दा अघिका विधानहरु स्वतः खारेज भएको मानिनेछ ।

# अनुसूचीहरू

## अनुसूची – १

## झण्डा

पार्टीको झण्डा ३:२ अनुपातको रातो भूईंमा बायाँ भागको माथिल्लो कुनामा सेतो रङ्गको हँसिया र हथौडा खप्टिएको चिह्न हुनेछ ।



## अनुसूची– २

## छाप

**छापको नमूना :** गोलाकारको बीचमा हँसिया र हथौडाको कैंची परेको चिन्ह अंकित रहनेछ । त्यसको माथिल्लो किनारामा नेपालीमा पार्टीको नाम, तल्लो किनारामा सम्बन्धित तहको समितिको नाम रहनेछ। अंग्रेजीमा पनि सोही अनुसार रहनेछ ।




## अनुसूची– ३

## चुनाव चिह्न

पार्टीको चुनाव चिन्ह गोलाकारभित्र कैंची परेको हसिया हथौडा पार्टीको चुनाव चिन्ह हुनेछ ।



संसारका मजदुरहरु- एक होऔं !

मार्क्सवाद-लेनिनवाद-माओवाद - जिन्दावाद !

# नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)

## Communist Party of Nepal (Maoist Centre)

### पार्टी सदस्य आवेदन-पत्र

कमरेड अध्यक्ष,

.................................,

नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) ।

नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)को सिद्धान्त, नीति-कार्यक्रम र विधानको अवलम्बन गर्दै पार्टीमा काम गर्न म तत्पर छु । अतः पार्टी सदस्यताको लागि यो आवेदन पेश गरेको छु । मेरो व्यक्तिगत विवरण निम्न प्रकार रहेको छ :

१. नाम (नागरिकता अनुसार) : ............................................... २. नागरिकता प्र.प.नं.:........................

३. नागरिकता प्राप्त जिल्ला : ........................ ४. मतदाता नं. ..............................५. लिङ्ग : .................

६. जन्म मिति : ..................................७. बैवाहिक अवस्था : ....................८. परिवार सङ्ख्या : .............

९. पेशा तथा व्यवसाय : ................................ १०. इमेल : ................................................................

११. ठेगाना: (क) स्थायी : प्रदेश, जिल्ला, न.पा./गा.पा., वडा .......................................................................

(ख) अस्थायी : प्रदेश, जिल्ला, न.पा./गा.पा., वडा .........................................................................

१२. वर्ग स्रोत : ............................... १३. वर्ग ....................... १४. शैक्षिक योग्यता : ............................

१५. जाति :............................ १६. अन्य पहिचान : .......................... १७. सम्पर्क नं. ...........................

१८. संक्षिप्त राजनीतिक जीवनी : .........................................................................................
.........................................................................................................................................

मिति : ..........................

............................ आवेदकको हस्ताक्षर

अनुसूची- ५

संसारका मजदुरहरु- एक होऔं !

मार्क्सवाद-लेनिनवाद-माओवाद - जिन्दावाद !

# नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)

# Communist Party of Nepal (Maoist Centre)

**संगठित सदस्यता आवेदन-पत्र**

कमरेड अध्यक्ष,

......................................... ,

नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)।

नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)को सिद्धान्त, नीति-कार्यक्रम र विधानको अवलम्बन गर्दै पार्टीमा काम गर्न म तत्पर छु। अतः पार्टी संगठित सदस्यताको लागि यो आवेदन पेश गरेको छु। मेरो व्यक्तिगत विवरण निम्न प्रकार रहेको छः

१. नाम (नागरिकता अनुसार) : ................................................. २. नागरिकता प्र.प.नं.: .........................

३. नागरिकता प्राप्त जिल्ला : ....................... ४. मतदाता नं. ..............................५. लिङ्ग : .................

६. जन्म मिति : ..................................७. बैवाहिक अवस्था : .................... ८. परिवार सङ्ख्या : .............

९. पेशा तथा व्यवसाय : ................................ १०. शैक्षिक योग्यताः ....................................................

११. ठेगानाः (क) स्थायी : प्रदेश, जिल्ला, न.पा./गा.पा., वडा .......................................................................

(ख) अस्थायी : प्रदेश, जिल्ला, न.पा./गा.पा., वडा ............................................................

१२. वर्ग स्रोत : ................................... १३. वर्ग ..................... १४. मासिक लेवी दर : ......................

१५. जाति :................ १६. अन्य पहिचान : ............. १७. सम्पर्क नं. ............................

१८.इमेल : ....................................१९. पार्टी सदस्यता प्राप्त गरेको भए सदस्यता नम्बर..............................

२०. कार्यरत रहेको मोर्चा/सङ्गठन.........................................................................................

२१. संक्षिप्त राजनीतिक जीवनी........................................................................................................................
........................................................................................................................................................................
.....................................................................................................................

: .......................................................................................................

मिति : ............................. ..........................आवेदकको हस्ताक्षर

---

सिफारिस तथा निर्णयः

हामी आवेदकलाई राम्ररी चिन्दछौं । निजको राजनीतिक जीवनको अध्ययन गर्दा पार्टीको संगठित सदस्यता प्रदान गर्न उपयुक्त हुने देखिएकाले सिफारिस गर्दछौं ।

१. नाम : .............................................. ठेगानाः .....................................

.......................................... समिति पद : ............................ हस्ताक्षर :.............................

२. नाम : ................................................. ठेगानाः .................................. .................................................
समिति पद : ........................... हस्ताक्षर :............................

सिफारिस गर्ने समिति : .........................................................................................................

बैठक मिति : ..................... समिति प्रमुखको नाम : ................................. हस्ताक्षर : .........................

निर्णय गर्ने समिति : ...............................................................................................................

बैठक मिति : ..................... समिति प्रमुखको नाम : ................................. हस्ताक्षर : .........................

अनुमोदन गर्ने समिति : ..............................................................................................................


बैठक मिति : ..................... समिति प्रमुखको नाम : ................................. हस्ताक्षर : .........................

## अनुसूची- ६

धारा १२ (६) सँग सम्बन्धित)

## नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)

## सदस्यता-पत्र



संसारका मजदुरहरु एक होऊ! मार्क्सवाद-लेनिनवाद-माओवाद-जिन्दावाद !!

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)

........................ समिति

प्र.प.नं. ........ सदस्यता-पत्र

नाम : ..........................................................

पद : ..........................................................

ठेगाना : ..........................................................

कार्यक्षेत्र : ..........................................................

जारी मिति: ..........................................................

नागरिकता नं. : .......... .................... ....................

अध्यक्ष प्रमाणित गर्नेको हस्ताक्षर

नवीकरण

| अवधि | | प्रमाणित गर्ने | | |
|---|---|---|---|---|
| देखि | सम्म | नाम | पद | हस्ताक्षर |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |


पेरिसडाँडा (कोटेश्वर), काठमाडौं, फोन : ९७७-१-४६०२२९०, ४६०२२८८, फ्याक्स : ९७७-१-४६०२२८९
Email : cpnmcentre@gmail.com, Web : www.cpnmcentre.org

## अनुसूची-७

(धारा १२ (६) सँग सम्बन्धित)

## नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)

## संगठित सदस्यता-पत्र



संसारका मजदुरहरु - एक होऊ ! मार्क्सवाद-लेनिनवाद-माओवाद - जिन्दावाद !!

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)

........................ समिति

प्र.प.नं. संगठित सदस्यता-पत्र

नाम : ..........................................................

पद : ..........................................................

ठेगाना : ..........................................................

कार्यक्षेत्र : ..........................................................

जारी मिति : ........................

नागरिकता नं. : ..................... ....................

अध्यक्ष प्रमाणित गर्नेको हस्ताक्षर

फोटो

नवीकरण

| अवधि | | प्रमाणित गर्ने | | |
|---|---|---|---|---|
| देखि | सम्म | नाम | पद | हस्ताक्षर |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |


पेरिशडाँडा (कोटेश्वर), काठमाडौं, फोन : ९७७-१-४६०२२९०, फ्याक्स : ९७७-१-४६०२२८९
Email : cpnmcentre@gmail.com

## अनुसूची-८

(धारा १२ (६) सँग सम्बन्धित)

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)

## मानार्थ सदस्यता



संसारका मजदुरहरु एक होऔं! मार्क्सवाद-लेनिनवाद-माओवाद-जिन्दावाद !!

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)

........................ समिति

प्र.प.नं. ........ मानार्थ सदस्यता

नाम : ..........................................................

पद : ..........................................................

ठेगाना : ..........................................................

कार्यक्षेत्र : ..........................................................

जारी मिति: ..........................................................

नागरिकता नं. : .......... .................... ....................

अध्यक्ष

अनुसूची- ९

## शपथको व्यहोरा

म ........................................................................ नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) को .................................. जिम्मेवारी लिइरहेको यस महत्वपूर्ण घडीमा पार्टीको झण्डा सामु उभिएर प्रतिज्ञा गर्दछु :

म पार्टीको मार्गदर्शक सिद्धान्त, क्रान्तिकारी आदर्श, नैतिक मुल्य मान्यता, पार्टीको कार्यक्रम र नीति-निर्देशनलाई दृढताका साथ अनुशरण गर्नेछु । पार्टी विधानलाई इमान्दारी साथ पालना गर्नेछु । पार्टीको गोपनीयता तथा एकताको रक्षा गर्नेछु । सबैखाले प्रतिक्रियावादको विरुद्ध दृढ रहदै समाजवादी क्रान्तिको पक्षमा निरन्तर संघर्षरत रहनेछु ।

समाजवादी क्रान्ति - जिन्दावाद !

मार्क्सवाद-लेनिनवाद-माओवाद - जिन्दावाद !

आदरणीय अमर-शहीदहरू - लालसलाम !

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) - जिन्दावाद ! जिन्दावाद !!

हस्ताक्षर.....................................

नाम..........................................

ठेगाना.......................................

मिति ..........................................

**प्रमुख नाराहरू**

| | |
|---|---|
| समाजवादी क्रान्ति | – जिन्दावाद, जिन्दावाद । |
| विश्व साम्राज्यवाद तथा विस्तारवाद | – मूर्दावाद, मूर्दावाद । |
| नव-उपनिवेशवाद | – मूर्दावाद, मूर्दावाद । |
| राष्ट्रिय आत्मसमर्पणवाद | – मूर्दावाद, मूर्दावाद । |
| दलाल तथा नोकरशाही पुँजीवाद | – मूर्दावाद, मूर्दावाद । |
| सबैखाले संशोधनवाद | – मूर्दावाद, मूर्दावाद । |
| मार्क्सवाद–लेनिनवाद–माओवाद | – जिन्दावाद, जिन्दावाद । |
| विश्वका सम्पूर्ण मजदुर तथा उत्पीडित जनसमुदायहरू | – एक होऔं, एक होऔं । |
| वीर शहीदहरू | – लाल सलाम, लाल सलाम । |
| नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) | – जिन्दावाद, जिन्दावाद । |
| साम्यवाद, वैज्ञानिक समाजवाद | – जिन्दावाद, जिन्दावाद । |
| इन्क्लाव | – जिन्दावाद, जिन्दावाद । |

**समाप्त**